का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ वैशाख २०८१,

शानिबार

13 April 2024,

Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ६० । पृष्ठ १०

Madhyanha National Daily

www.madhyanhadaily.com




# नाम मात्रको विधेयक अधिवेशन

## ■ ७० दिनमा संसदका २० बैठक ■ तीन वटा विधेयक पारित

**संघीय संसदको विधेयक अधिवेशनमै कानून निर्माणको गति भने सुस्त रह्यो । राजनीतिक दलहरुको ध्यान सत्ता दाउपेचमा रहँदा ७० दिन चलेको विधेयक अधिवेशनले जम्मा तीन वटा कानून मात्रै बनाउन सकेको हो ।**



> सदनमा लामो समयसम्म छलफल गरेता पनि हामी विधायिकी कार्यमा धेरै पछाडि परेका छौं । आवश्यक विधेयक पारित गर्न सकेनौं । यस मानेमा संसदको भूमिका प्रभावकारी हुन सकिरहेको छैन ।
>
> **देवराज घिमिरे**
> **सभामुख**

**शिव विक/मध्यान्ह**
काठमाडौं, ३० चैत ।

संघीय संसदको चालु अधिवेशन २०८१ वैशाख २ गते अन्त्य हुने भएको छ । शुक्रबार बसेको मन्त्रिपरिषदको बैठकले वैशाख २ गते राति १२ बजेदेखि अधिवेशन अन्त्य गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

संसद्को हिउँदे अधिवेशन माघ २२ गतेबाट सुरु भएको थियो । संसद सचिवालयका अनुसार ७० दिनको अवधिमा राष्ट्रिय सभाका २० र प्रतिनिधि सभाका २२ वटा मात्र बैठक बसे । यसबीचमा संघीय संसदले तीन वटा मात्रै विधेयक पारित गरेको छ ।

संसद सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयका अनुसार संघीय संसदबाट पारित भएर गएको अनुगमन तथा मूल्यांकन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएर लागू भएको छ ।

»» पृष्ठ २ मा

### क्यालेन्डर लागू, फागुनमै प्रि-बजेट

विधेयक निर्माणको संख्या हेर्दा कम देखिएता पनि हिउँदे अधिवेशनले केही नयाँ संसदीय अभ्यासको सुरुवात गरेको छ। गत माघ महिनादेखि संसदीय क्यालेन्डर लागू भएको छ । प्रतिनिधि सभाले १५/१५ दिनको पाक्षिक क्यालेन्डर बनाएर लागू गर्दै आएको छ। राष्ट्रिय सभाले सुरुमा दुई महिनाको क्यालेन्डर बनाएको थियो । पछि एक महिनाको क्यालेन्डर बनाएर बनाएर लागू गरेको छ।

यसैवर्ष संसदमा प्रि-बजेट छलफल

»» पृष्ठ २ मा


# रञ्जिताकै कित्तामा रेशम !

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० चैत ।

नागरिक उन्मुक्ति पार्टी (नाउपा) भित्रको विवाद मिलेको छ । नेपाली कांग्रेस नेतृत्वको गठबन्धनलाई साथ दिनुपर्ने पक्षमा अडान लिँदै आएका नाउपाका संस्थापक रेशम चौधरी बदलिएका छन् ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्र सम्मिलित नयाँ गठबन्धनमा सहभागी भएर सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व लिने नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठको लाइनमा संस्थापक रेशम सहमत भएका हुन् । यो सँगै नाउपा भित्रको विवाद मिलेको छ ।

तर मुख्यमन्त्री कसलाई बनाउने भनी अर्को विवाद शुरु भएको छ ।





*नयाँ गठबन्धनमा सहभागी भएर सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व लिने नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठको लाइनमा रेशम चौधरी सहमत भएका छन् । तर मुख्यमन्त्री कसलाई बनाउने भन्ने विषयमा विवाद शुरु भएको छ ।*

रेशम पक्षधर र रञ्जिता पक्षधरबीच कसले मुख्यमन्त्री लिने भन्नेमा नेताहरु विभाजित छन् ।

शुक्रबार बिहान घनश्याम चौधरीको अध्यक्षतामा रेशम चौधरी पक्षका चार जना सांसदहरुको बैठक बसेको थियो । उक्त बैठकले रेशम चौधरीको पक्षबाट लक्ष्मणकिशोर चौधरीलाई मुख्यमन्त्रीका रूपमा अघि सार्ने निर्णय गरेको छ ।

तर, रञ्जिता पक्षबाट कैलाश चौधरी मुख्यमन्त्रीको आकांक्षी छन् । अध्यक्ष रञ्जिताले कैलाश चौधरीलाई मुख्यमन्त्री बनाउन फरक निर्णय लिन पहलकदमी गर्ने रेशम पक्षधर सांसद घनश्याम चौधरीलाई निलम्बन गरिदिएकी छन् । पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठले शुक्रबार प्रदेश सभामुख भीमबहादुर भण्डारीलाई पत्र पठाउँदै चौधरीलाई पार्टीबाट ३ महिना निलम्बन गरिएको जानकारी दिएकी छन् ।

»» पृष्ठ २ मा

# माइतीघरमा हट्यो निषेधाज्ञा




**वैदेशिक रोजगार विशेष**

## विदेशका नेपालीहरुलाई फर्कने अवस्थाको सिर्जना गर्न राष्ट्रपतिको आग्रह

काठमाडौं/रासस- राष्ट्रपति रामचन्द्र पौडेलले विभिन्न कारणले विदेश गएका नेपालीहरुलाई स्वदेश फर्कने अवस्थाको सिर्जना गर्नुपर्ने धारणा राखेका छन् । एशोसिएसन अफ नेपाली ओरिजिन (एएनओ)का प्रतिनिधिमण्डलसँग शुक्रबार राष्ट्रपति कार्यालय शीतल निवासमा भएको भेटमा राष्ट्रपति पौडेलले अध्ययन, वैदेशिक रोजगारी, व्यवसायका साथै विविध कारणले विदेशिएका नेपालीहरुलाई स्वदेश फर्कने वातावरण बनाउनुपर्ने धारणा राखेका हुन् ।

यसप्रति आफूले चासो राख्ने गरेको उल्लेख गर्दै उनले आफू कार्यकारी तथा राजनीतिक भूमिकामा नभए पनि सरोकारवालालाई यस विषयमा निरन्तर सम्झाउने गरेको जानकारी दिएको एएनओका महासचिव चुडामणि भट्टराइले जानकारी दिए । अध्ययन होस् या विभिन्न प्रयोजनले विदेश जाने गरेका नेपालीहरुले आफू रहेको देशमा आर्जन गरेको सीप र ज्ञान स्वदेशमै आइ त्यसलाई प्रयोगमा ल्याउने वातावरण बनाउन मुलुकका सम्बद्ध सबै क्षेत्र र व्यक्तिहरु लाग्नुपर्नेमा उनले जोड दिए ।

राष्ट्रपति पौडेलले नेपाली भाषा र संस्कृतिका माध्यमबाट विश्वमा रहेका नेपाली तथा नेपाली भाषीहरुलाई एकीकृत गर्ने एएनओको अभियानको प्रशंसा गर्दै यसलाई आगामी दिनमा पनि निरन्तरता दिन सुझाव दिए ।

त्यसअवसरमा राष्ट्रपति पौडेलले भानुभक्त आचार्यको जन्मस्थल तनहुँको चुँदीरम्घालाई नेपाली भाषाको तीर्थस्थल बनाउने अभियानमा आफू लागेको जानकारी पनि गराए । उनले विश्वका विभिन्न देशमा रहेका नेपाली भाषीहरु एक पटक त्यहाँ पुग्नैपर्ने धारणाको विकास गरी यसलाई जीवन्त राख्न भानु जन्मस्थललाई नेपाली भाषा र साहित्यको तीर्थस्थल बनाउनुपर्नेमा जोड दिए ।

एएनओका अध्यक्ष डिल्ली अधिकारीले यस अभियानका लागि नेपाल सरकारबाट प्राप्त सहयोग र शुभेच्छाका लागि धन्यवाद

»» पृष्ठ २ मा

## प्रधानमन्त्री रोजगार कार्यक्रमप्रति मन्त्रीकै असन्तुष्टि

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोल प्रसाद अर्यालले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट अपेक्षित परिणाम आउन नसकेको बताउँदै उक्त कार्यक्रमको ढाँचा परिवर्तन गर्नुपर्ने बताएका छन् । रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि राजधानीमा आयोजित चार दिने तालिमको समापन कार्यक्रममा शुक्रबार मन्त्री अर्यालले परिणाम आउने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिवर्तन गर्न अति जरुरी रहेको बताए ।

श्रम मन्त्रालयले स्वदेशमा नै रोजगारी सिर्जना गरेर वैदेशिक रोजगारको विकल्प दिने उद्देश्यले तत्कालीन सरकारले २०७५ साल माघ २५ मा प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५ जारी गरेको थियो । सोही वर्ष चैत १ गतेदेखि तामझामका साथ उक्त कार्यक्रमको औपचारिक शुरुवात भएको थियो। तर सोही वर्षदेखि नै कार्यकर्तालाई झारपात उखेल्ने जस्ता अनुत्पादक काममा जागिर खुवाउने कार्यक्रम भन्दै व्यापक आलोचना भएको थियो ।

मन्त्री अर्यालले जुन उद्देश्यका साथ कार्यक्रमको घोषणा भयो, त्यो उद्देश्यअनुसार आम नागरिकले महसुस गर्न पाउने गरी कार्यक्रमले लक्षित वर्गलाई छुन नसकेकाले कार्यक्रमको ढाँचा परिवर्तन गर्न आवश्यक भएको उल्लेख गरे ।

कार्यक्रममा श्रम सचिव घनश्याम उपाध्यायले श्रम डेस्कमा बसेर जनअपेक्षाअनुसार काम गर्न

»» पृष्ठ २ मा



# आमसञ्चार र सामाजिक सञ्जाल विधेयक छिट्टै : सञ्चारमन्त्री शर्मा

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले आमसञ्चार विधेयक र सामाजिक सञ्जाल विधेयक संघीय संसदबाट छिट्टै पारित गरिने बताएकी छन् ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको शुक्रबार भएको १२औं अधिवेशनको उद्घाटन गर्दै उनले सञ्चार क्षेत्रलाई व्यवस्थित, मर्यादित र समयानुकूल बनाउन ती विधेयक जरुरी रहेको उल्लेख गरिन् । ती दुवै विधेयक संघीय संसदमा पेश गर्ने अन्तिम तयारी रहेको उनले बताइन् ।

सञ्चारमन्त्री शर्माले लोककल्याणकारी विज्ञापनलाई थप व्यवस्थित बनाउँदै स्वरोजगार तथा साना लगानीका सञ्चारमाध्यमलाई सहुलियत दिन सरकार सकारात्मक रहेको बताइन् । उनले त्यस्ता सञ्चारमाध्यमलाई राष्ट्रिय समाचार समिति (रासस)को समाचार शुल्कमा सहुलियत उपलब्ध गराउन सकिने धारणा राखिन् ।




मन्त्री शर्माले अभिव्यक्ति स्वतन्त्रताको पक्षमा सरकार रहेको स्पष्ट पारिन् । उनले न्यूनतम पारिश्रमिकलाई पनि समयानुकूल बनाउने उल्लेख गर्दै सत्य, तथ्य समाचार आए सरकारलाई सहयोग हुने विश्वास व्यक्त गरिन् ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेलले पत्रकारको न्यूनतम पारिश्रमिक वृद्धि गर्न सरकारलाई सुझाव दिए । सो अवसरमा महासंघ काठमाडौं शाखाले पत्रकारिताको माध्यमबाट योगदान पुऱ्याएको भन्दै विभिन्न पत्रकारलाई सम्मान र पुरस्कार प्रदान गरेको छ । साथै शाखाका पूर्वअध्यक्षहरुलाई पनि सम्मान गरिएको थियो ।

अधिवेशनको उद्घाटन सत्रको अध्यक्षता काठमाडौं शाखाका अध्यक्ष सूर्य सुवेदीले गरेका थिए । काठमाडौं शाखाका सचिव महेश गौतमले सञ्चालन गरेको कार्यक्रममा सरस्वती गौतमले धन्यवाद ज्ञापन गरेकी थिइन् ।

कार्यक्रममा विभिन्न प्रेस युनियन प्रेस चौतारी प्रेस सेन्टरका साथै विभिन्न पत्रकार संघ संस्थाका प्रतिनिधिहरुले अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्दै महासंघका विविध गतिविधिहरुबारे चर्चा गरेका थिए ।

# कालीकोटमा आगलागीका घटना बढ्दो



**निस्ता कार्की/मध्यान्ह**
कालीकोट, ३० चैत

कालीकोटमा आगलागीका घटना बढ्न थालेको छ । गत असार यता आगलागीका २० घटना भएको र यी घटनामा परेर तीन जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय कालीकोटले नयाँ वर्ष २०८० को समापन र २०८१ को स्वागतका लागि आयोजना गरेको शुभकामना आदान-प्रदान कार्यक्रममा सो जानकारी गराएको हो ।

चैत २ गते लागेको आगोमा घाइते खाँडाचक्र नगरपालिका वडा नं ५ का वर्ष ५० का नन्दलाल चौलागाईं र उनकी ११ वर्षीया छोरी हेमन्ती चौलागाईंको मृत्यु भएको थियो । वनमा चराउन लगेका चौलागाईंका ४६ वटा बाख्रा समेत मरेका थिए ।

जिल्ला प्रहरी कार्यालय कालीकोटका सूचना अधिकारी प्रहरी निरीक्षक पोषण थापाले आगलागीबाट जिल्लाभर ४९ वटा पशु चौपाया मरेको र ६ वटा घाइते भएको जानकारी दिए ।

यस्तै सात वटा घर पूर्ण रुपमा जलेर नष्ट भएका छन् भने १६ वटा सामुदायिक वनमा आगलागी भएको उनले बताए । यस्तै आगलागीबाट जोगिन जिल्ला भर ६५ वटा कार्यक्रम गर्दा दुई हजार ३० जना नागरिकलाई सचेतीकरण गरिएको पनि उनले बताए ।

शुभकामना आदान-प्रदान कार्यक्रममा बोल्दै जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रमुख (डीएसपी) अर्जुन केसीले जिल्लाको शान्ति सुरक्षाका लागि प्रहरीसँगै पत्रकारले खेलेको भूमिका महत्वपूर्ण भएको बताए ।

उनले लागुऔषधका घटना भन्दा पनि जिल्लामा साइबर क्राइमका घटना डर लाग्दा भएकाले यसतर्फ पनि सहयोग गरिदिन अनुरोध गरे । समग्रमा जिल्लामा खासै अत्यास लाग्दा घटना नभएकोप्रति खुसी व्यक्त गर्दै आगामी २०८१ मा पनि शान्त जिल्ला बनाउन सबैको सहयोगको उनले अपेक्षा गरे । पत्रकार महासंघ कालीकोटका अध्यक्ष भरतराज बिष्टले नागरिकलाई समयमै सूचना दिन अझै सूचना अधिकारीलाई पूर्ण अधिकार दिन सुझाव दिए । पत्रकारहरुले कर्णाली करिडोरमा चाडपर्वमा नागरिकले यात्रा गर्दा सास्ती पाउने गरेकोप्रति सचेत रहन सुझाव दिएका थिए ।

**नाम...**

शुक्रबार मात्रै राष्ट्रपतिबाट 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक राष्ट्रपतिबाट प्रमणीकरण भएको छ । खाद्य स्वच्छता तथा गुणस्तर विधेयक पनि संघीय संसदको दुबै सदनबाट पारित भएर प्रमाणीकरणको प्रक्रियामा गएको छ । यसबाहेक संघीय संसदमा २४ वटा विधेयक बिचाराधीन छ । जसमा संक्रमणकालीन न्याय सम्बन्धी विधेयक विधेयक छ । संवैधानिक परिषद सम्बन्धी विधेयक छ । विद्यालय शिक्षा विधेयक, निजामति कर्मचारी सम्बन्धी विधेयक पनि संसदीय प्रक्रियामा छ ।

हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रुपमा लिइन्छ । तर, संघीय संसदको विधेयक अधिवेशनमै कानुन निर्माणको गति भने परिणामत सुस्त रह्यो । राजनीतिक दलहरुको ध्यान सत्ता दाउपेचमा रहँदा ७० दिन चलेको विधेयक अधिवेशनले जम्मा तीन वटा कानुन मात्रै बनाउन सकेको हो । कानुन निर्माणको प्रगतिप्रति स्वयम सभामुख सन्तुष्ट छैनन् । '(सदनमा) लामो समयसम्म छलफल गरेतापनि हामी विधायिकी कार्यमा धेरै पछाडि परेका छौं । आवश्यक विधेयक पारित गर्न सकेनौं । यस मानेमा संसदको भूमिका प्रभावकारी हुन सकिरहेका छैन' मंगलबार सभामुखको आसनबाटै सभामुख देवराज घिमिरेले भनेका थिए । संसदमा अवरोध हुने तर, कानुन बनाउन नसकेको भनेर सांसदसँगै आफूले समेत आलोचना खेप्नुपर्ने भएपछि सभामुखबाट यस्तो अभिव्यक्ति आएको बताउँछिन् एमालेकी सांसद दिपा शर्मा ।

कानुन निर्माणको प्रगतिमा कुनै पनि सांसद सन्तुष्ट हुन सक्ने अवस्था नरहेको सांसद शर्मालाई पनि लाग्छ ।

'सरकार स्थिर भएन । स्थिर सरकार नभएपछि पर्याप्त विधेयक आउन सकेन । आएका विधेयकहरु पनि अगाडि बढाउन सकेन' सांसद शर्माले भनिन् ।

**क्यालेन्डर...**

फागुनमै भएको छ । बजेट आउनु भन्दा तीन महिना अगावै प्रि-बजेट छलफल गर्न सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी ऐन संशोधन अध्यादेश नै ल्याएको थियो ।

प्रत्येक वर्ष जेठ १५ गते संघीय संसदमा बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था छ । बजेट प्रस्तुत हुने दिन भन्दा १५ दिनअघि सिद्धान्त र प्राथमिकता पेस गर्नुपर्ने व्यवस्था बदल्न सरकारले अध्यादेश ल्याएको हो । अध्यादेशमा सरकारले फागुनभित्र सरकारले सिद्धान्त र प्राथमिकता पेस गर्ने र संसदले छलफल सकेर १५ चैतभित्र सरकारलाई सुझाव पेस गर्नुपर्ने व्यवस्था छ ।

यो नयाँ अभ्यास यस वर्ष कार्यान्वयन भएको छ ।

सरकारले गत फागुन फागुन १४ गते आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) संसदमा प्रस्तुत गरेको थियो । दुवै सदनमा ७ चैतसम्म छलफल चलेर अर्थमन्त्रीले जवाफ दिएपछि सकिएको थियो ।

**रञ्जिताकै...**

अध्यक्ष श्रेष्ठको हस्ताक्षरमा जारी भएको पत्रमा प्रदेश सभा सदस्य चौधरीलाई पार्टीका विभिन्न विषयमा छलफल गर्न पटक-पटक बोलाउँदा पनि सहभागी नभएको र स्पष्टिकरण पनि चित्तबुझ्दो नभएकोले निलम्बन गरिएको उल्लेख छ । सुदूरपश्चिम प्रदेशमा नाउपाका ७ सांसद थिए । इन्दिरा गिरीलाई पार्टीले फिर्ता बोलाएपछि अहिले ६ जना छन् ।

चार सांसद कांग्रेस नेतृत्वको काम चलाऊ सरकारमा सहभागी छन् । घनश्याम चौधरी आर्थिक मामिला, खुसीराम चौधरी उद्योग पर्यटन वन तथा वातावरण मन्त्री हुन् भने लक्ष्मण किशोर चौधरी सामाजिक र रामेश्वर चौधरी भूमि व्यक्ति कृषि तथा सहकारी मन्त्री हुन् । कांग्रेस सरकारमा सहभागी नभएका दुई सांसद कैलाश चौधरी र टिका थापा उक्त सहमतिमा सहभागी थिएनन् ।

कांग्रेस नेतृत्वको सरकारमा सहभागी नभएका कैलाश चौधरीलाई मुख्यमन्त्री बनाउने नाउपाकी अध्यक्ष रञ्जिताको चाहना छ । रन्जिता श्रेष्ठले यसअघि नै संसदीय दलको नेताको जिम्मेवारीबाट घनश्याम चौधरीलाई हटाएर उक्त जिम्मेवारी कैलाश चौधरीलाई तोकेकी थिइन् । शुक्रबार घनश्याम चौधरीलाई निलम्बन नै गरेकी हुन् ।

सुदूरपश्चिममा सरकार गठनका लागि प्रदेश प्रमुख नजिर मियाँले आगामी वैशाख २ गते बेलुकी ५ बजेसम्म दाबी पेश गर्न आह्वान गरेका छन् । प्रदेश सरकारको नेतृत्व पाउने भएपछि सत्ता गठबन्धनबाटै सरकारमा सहभागी हुने विषयमा नाउपा एक मत भएको छ भने मुख्यमन्त्रीको विषयमा किचलो सुरु भएको छ ।

**विदेशका...**

व्यक्त गर्दै अभियानलाई नेपाली भाषा, कला, संस्कृतिको अभियानका रुपमा संसारमा रहेका नेपालीमाझ पुऱ्याउने अठोट व्यक्त गरे । उनले यस संस्थाले प्रवासमा बस्ने नेपाली लगानीकर्ताहरुलाई नेपालमै आइ लगानी गर्ने वातावरणका लागि प्रोत्साहित गर्ने पनि बताए ।

सो भेटमा संस्थाका उपाध्यक्ष वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्त, महासचिव भट्टराई, संस्थापक सदस्यहरु केबी कार्की, ओम गुरुङ, डा दामोदर पौडेलसहित सहभागी थिए । विश्वका विभिन्न देशमा बसोबास गरिरहेका नेपाली भाषीको गत चैत ६ गते थाइल्याण्डको राजधानी बैंककमा भएको भेलाले नेपालीलाई एकीकृत गरी नेपाली भाषा र संस्कृतिको संरक्षण गर्न एएनओ गठन गरेको थियो । विश्वका २७ देशका नेपालीमूलका सामाजिक अभियन्ताको प्रतिनिधित्व रहेको सो भेलाले भुटानमा जन्मी हाल अमेरिकामा बसोबास गर्दै आएका नेपालीमूलका समाजसेवी डिल्ली अधिकारीको अध्यक्षतामा ५४ सदस्यीय कार्यसमिति गठन गरेको थियो ।

**प्रधानमन्त्री...**

आग्रह गरे । समापन कार्यक्रममा मरिन गाउँपालिका सिन्धुलीका रोजगार संयोजक पञ्चमाया योञ्जन, थाहा नगरपालिका मकवानपुरका रोजगार संयोजक कुमार नेगीले तालिमले काम गर्न नयाँ उर्जा मिलेको बताए । क्षमता अभिवृद्धि तालिममा ९ जिल्लाका रोजगार संयोजक र रोजगार सहायक गरी १ सय ४२ जनाको उपस्थिति रहेको मन्त्रालयले जनाएको छ ।

# 'पेशागत सुरक्षाका लागि सबै शिक्षक एकजुट हुनुपर्छ'



**शोभाखर पन्थी/मध्यान्ह**
अर्घाखाँची, ३० चैत

नेपाल राष्ट्रिय शिक्षक संगठन अर्घाखाँचीले विभिन्न कार्यक्रम आयोजना गरी ४५ औं शिक्षक दिवस मनाएको छ । संगठनले शिक्षक दिवसको अवसरमा जिल्ला परिषद, प्रशिक्षण, शिक्षक सम्मानलगायतका कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा मन्तव्य राख्दै नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय सदस्य रामप्रसाद ढकालले शिक्षकका अधिकारप्रति राज्य उदासिन भएको आरोप लगाए । मुलुकको राजनीतिक परिवर्तनमा महत्वपूर्ण योगदान पुऱ्याएका शिक्षकहरुले अहिले पनि आफूलाई सुरक्षित महसुस गर्न नसकेको भन्दै उनले पेशागत सुरक्षा र शैक्षिक सुधारका निम्ति सबै शिक्षकहरु एकजुट भएर अगाडि बढ्नुपर्ने बताए । नेपाल राष्ट्रिय शिक्षक संगठन राजनीतिक अधिकारसहितको ट्रेड युनियन अधिकारको पक्षमा दृढ रहेको भन्दै ढकालले ठूलो त्याग र बलिदानबाट प्राप्त उपलब्धिको रक्षाका निम्ति आफूहरु जस्तोसुकै संघर्ष गर्न पछि नपर्ने चेतावनी दिए ।

उनले शिक्षकसँग भएका सम्झौता अक्षरशः लागू गर्नुपर्ने भन्दै सम्झौताअनुसार शिक्षा ऐन जारी नभए स्वीकार्य नहुने चेतावनी दिए । केन्द्रीय सदस्य ढकालले कतिपय पालिकाले शिक्षकमाथि ज्यादती गर्ने गरेको आरोप लगाउँदै एक पटक काठमाडौंको आन्दोलन सम्झन आग्रह गरे ।

नेकपा एमालेका जिल्ला अध्यक्ष पीताम्बर भुसालले मुलुकमा राजनीतिक परिवर्तन भएपनि आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तन हुन नसकेको बताए । राजनीतिक परिवर्तनका निम्ति ठूलो योगदान पुऱ्याएका शिक्षकहरुले गणतन्त्रको स्थापना भएपछि पनि आफूलाई असुरक्षित महसुस गर्नु दुःखद कुरा भएको भन्दै उनले नेकपा एमाले शिक्षकका समस्याप्रति गम्भीर र चिन्तित रहेको बताए । संघीय शिक्षा ऐन शिक्षकमैत्री ल्याउनका निम्ति आफ्नो पार्टीले पहल गर्ने उनको भनाइ थियो ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला अध्यक्ष ध्रुव केसीको अध्यक्षता, उपाध्यक्ष सिता बन्जाडेको स्वागत मन्तव्य र सचिव पानबहादुर खत्रीको सञ्चालनमा सम्पन्न कार्यक्रममा नेपाल राष्ट्रिय शिक्षक संगठन लुम्बिनी प्रदेश समितिका महासचिव सुरेश गौतम, पेशागत महासंघ नेपालका महासचिव नेत्रप्रसाद पोखेल, नेपाल राष्ट्रिय शिक्षक संगठनका पूर्वअध्यक्ष बाबुराम आचार्य, नेकपा एमालेका नेता तथा पूर्वशिक्षक कमल घिमिरेलगयतले मन्तव्य राख्दै शिक्षा क्षेत्रमा आमूल परिवर्तनको खाँचो रहेको बताए । उनीहरुले व्यवहारिक र जनवादी शिक्षाका निम्ति सरकार गम्भीर बन्नुपर्ने बताए ।कार्यक्रममा माध्यमिक र निम्न माध्यमिक तहमा सिफारिस भइ आएका १ दर्जन बढी शिक्षकहरुलाई सम्मान गर्नुका साथै शिक्षक संगठनले आगामी १ वर्ष गर्ने कामको योजनासमेत निर्माण गरिएको थियो ।

# सुरक्षित आप्रवासनसम्बन्धी अन्तरक्रिया

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० चैत

सुरक्षित आप्रवासीय(सामी) कार्यक्रमले नेपाल पत्रकार महासंघ रौतहट शाखासँग एक दिने अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ ।

गौर नगर सभा हलमा सम्पन्न कार्यक्रममा सुरक्षित आप्रवासन सम्बन्धी हक, हितका बारेमा जानकारी गराइएको थियो ।

कार्यक्रममा सामीका कार्यक्रम संयोजक विनय कुमार साहले वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित एवं शोषणरहित बनाउन नेपाल सरकार तथा स्वीजरल्याण्ड सरकारबीच भएको द्विपक्षीय सम्झौता १६ सेप्टेम्बर २०१८ वि.स.२०८१ असार ३१ सम्म रहने सम्झौताले संघीय, प्रदेश र स्थानीय तहमा प्रभावकारी संयन्त्रहरुले महिला, पुरुष विपन्न वर्गका आप्रवासी कामदार तथा परिवार हरुमा आर्थिक वृद्धि हुनेमा सरकार लागेको बताए ।




जिल्लामा यो कार्यक्रम चन्द्रपुर नगरपालिका, गरुडा नगरपालिका, गढीमाइ नगरपालिका, दुर्गा भगवती गाउँपालिका, गौर नगरपालिका १८ करोड, राजदेवी नगरपालिकामध्ये सबभन्दा बढी, गढीमाइ नगरपालिकामा लगभग ३२ करोड, राजदेवी नगरपालिका १३ करोड भन्दा बढी रकम भित्रिएको तथ्यांक उल्लेख छ । नेपालमा ३९ जिल्लाका १ सय ५६ स्थानीय तहमा यस कार्यक्रम लागु भइ थप ४ सय १० पालिकाहरुमा सञ्चालन हुनेछ ।

वैदेशिक रोजगारमा जानु भन्दा पूर्व ३० दिनको तालिम तिर्नुपर्ने अनिवार्य भएतापनि एजेण्टहरुको लहलहैमा विदेशमा जानुपर्ने, पछि गएर नक्कली भिसा, जानु भन्दा अगाडि बढी रकम लिनुपर्ने, कम्पनीसँग सम्झौता नलिएको कारण युवाहरु ठगीमा पर्ने गरेको कार्यक्रममा जानकारी गराइएको छ ।

दिनँहु जिल्ला प्रशासन कार्यालयमा पुगेर सयौं उजुरी परेको कर्मचारी पूजाले बताइन् । विदेशमा नक्कली भिसामा पनि दर्जनौं, हजारौं जना जेलमा कैदीको रुपमा जीवन बिताइरहेको तथ्यांकमा देखाइएको छ । सबभन्दा बढी अरबमा २ सय ६० जना र सबैभन्दा कम दक्षिण कोरियामा ८ जना रहेका छन् ।

# खुल्यो माइतीघर

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, ३० चैत ।

माइतीघर क्षेत्रको निषेधित क्षेत्र हटेको छ । सरकारलाई आफ्नो कुरा सुनाउन नागरिकले विरोध प्रदर्शनका लागि प्रयोग गर्दै आएको थलो हो- काठमाडौंको माइतीघरदेखि बानेश्वर क्षेत्र । गत मंसिर ५ गतेदेखि निषेधित क्षेत्रका रुपमा रहँदै आएकोमा गृह मन्त्रालयको निर्देशनमा काठमाडौं जिल्ला प्रशासनले शुक्रबार लिएको निर्णयले माइतीघर खुला भएको छ । माइतघरलाई निषेधित क्षेत्र सरकारले घोषणागरेपछि बृहत नागरिक आन्दोलनकारीले खेल्नु पर्ने माग गर्दै प्रर्दशन समेत गरेका थिए ।

गृह मन्त्रालयको निर्देशनमा काठमाडौं जिल्ला प्रशासनले निषेधित क्षेत्र हटाएको हो । काठमाडौं जिल्ला प्रशासनले सुरक्षा चुनौती विश्लेषण गरेर निषेधाज्ञा हटाइएको जनाएको छ । 'हाललाई सुरक्षा चुनौती विश्लेषणसमेतका आधारमा जिल्ला सुरक्षा समिति, काठमाडौंको मिति २०८० साल चैत ३० गतेको सिफारिस अनुसार माइतीघर मण्डलादेखि बानेश्वर (कृष्ण टावर) सम्मको क्षेत्रलाई २०८१ साल वैशाख १ गतेदेखि निषेध आदेश हटाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद शर्माले सूचना निकालेर माइतीघर खुला भएको जानकारी दिए ।

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले सामाजिक सञ्जालमार्फत नयाँ वर्षको अवसरमा 'तीन कामको सुरुवात' गरेको भन्दै पहिलो नम्बरमा निषेधाज्ञा हटाइएको विषय उल्लेख गरेका छन् ।

# रैथाने बाली लगाउन माटो परीक्षण



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ३० चैत

हुम्लाको सिमकोट गाउँपालिकाले रैथाने बाली तथा फलफुल बाली लगाउने जग्गाको माटो परीक्षण शुरु गरेको छ । गाउँपालिका मातहत पर्ने आठ वटै वडामा रैथाने बालि लगाउने जग्गाको माटो परीक्षण गरेर बाली लगाउने प्रवर्द्धन मिलाउने कृषि विकास शाखा प्रमुख नेत्र बहादुर शाहीले बताए । माटो परीक्षण गरेर कुन रैथाने बालि लगाउन उपयुक्त हुन्छ त्यहि बालि तथा फलफुल लगाउन माटो परीक्षण शुरु गरिएको उनको भनाइ छ ।

सिमकोट गाउँपालिकामा कोदो, फापर, चिनो, कागुने, लट्टे रैथाने बालि, आलु, पिँडालु, प्याज, लसुन जस्ता तरकारी उत्पादन गर्दै आएको तर त्यसको किसानले सोचे जस्तो प्रतिफल नपाउने हुँदा पहिलो पटक गाउँपालिकाको निर्णयमा माटो परीक्षण गरेर किसानलाई कुन माटोमा कुन बाली उपयुक्त छ भन्ने विषय पनि जानकारी दिने गरिँदै आइएको छ । माटो परीक्षण गर्दा मलिलो, चिस्यान, पियजमानको पनि परीक्षण गरेको कृषि विकास शाखाले जनाएको छ । किसानलाई पनि माटो परीक्षण गर्न सिकाइएको छ । माटो परीक्षण गर्दा सहभागी नभएका किसानहरुलाई माटो परीक्षण रिपोर्टका बारेमा अभिमुखीकरण पनि दिएको छ । त्यस्तै माटो परीक्षण गर्दा उपयुक्त बाली हुने र स्वास्थ्य सुधारमा पनि टेवा पुऱ्याउने हुँदा गाउँपालिकाले माटो परीक्षण शुरु गरेको हो । सिमकोट गाउँपालिकाका १ सय २० जना किसानको माटो परीक्षण गरिएको छ भने माटो परीक्षण ल्याव पनि स्थापना गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सुवास आलेले जानकारी दिए ।

**OMAN मा रोजगार** | कम्पनी : HAMAD ABDULLAH MUSLIM AL ARAIMI TRAD
शहर Oman
पूर्व स्वीकृत मितिः २०८०/१२/३० चलानी नं.: ६०२१८२५७ LT. No.: 303439

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Coffee Maker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ४८,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter - Coffee Shop | 1 | 0 | | 140 | ४८,५०० | | | | | | | |

कम्पनी : HATTAN AL SUWAIQ TRADING
शहर Oman
पूर्व स्वीकृत मितिः २०८०/१२/३० चलानी नं.: ६०२१८२५६ LT. No.: 303438

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Food Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५१,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८१ बैशाख ८ गते (20 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Aslesha International Pvt. Ltd.** श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com

**मलेसियामा रोजगार** | कम्पनी: FANG & PAI INDUSTRIES SDN.BHD.
शहर: Malaysia, Melaka
पुर्व स्वीकृत मितिः २०८०/०७/२२ चलानी नं.: ६०२०९९४९ LT. No.: 294888 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | स. काममा दक्ष | 1500 | ४१,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ बैशाख ८ गते (20 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**DEEP JYOTI MANPOWER SERVICE PVT. LTD**
श्रम इजाजत नं. ११३६/०७३/०७४
Tara Hall chowk, Sinamangal. Kathmanud, Tel: 01-4492910, Mob: 9823413339 | 9808248185 | 9849727040, Fax: 4490678
Email: Deepjyotimanpowerservice@gmail.com, info@deepjyotimanpower.com.np, Web.: www.deepjyotimanpower.com.np

**युएईमा वैदेशिक रोजगारको अवसर**
कम्पनी: GREEN MOUNTAINS ENVIRONMENT & TRANSPORTS SERVICES SOLE PROPRIETORSHIP LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/३० चलानी नं.: ६०२१८२५५ L.T. No.: 303473

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Exterior Cleaner | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 20 | 0 | | 1200 | ४३,३९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८१ बैशाख ८ गते (20 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AIR KINGS PLACEMENT PVT. LTD.**
AKP Gov. Lic. No. 712/064/065
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

# अर्घाखाँचीको मुख्य पर्यटकीय गन्तव्य बन्दै बैकुण्ठपुरी संग्रहालय

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३० चैत



अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नं. ४ साविक वाङ्लास्थित वैकुण्ठपुरी संग्रहालय अहिले सबैको घुम्ने र मन बहकाउने स्थलको रुपमा विकसित हुँदै गएको छ ।

बिदाको दिन होस् वा अन्य कुनै दिन त्यहाँ भिडभाड नभएको दिन नहुने स्थानीयबासीहरु बताउँछन् । मेला पर्व तथा अन्य बिदाको दिन त्यहाँ आउने, घुम्ने, नाच्ने, गाउने र भिडियो बनाउनेको भिड लाग्ने गर्दछ । परम्परागत मौलिक संस्कृति, संस्कार र जीवनशैली चिनाउने वैकुण्ठपुरी संग्रहालयमा आजभोलि घुम्न आउने आन्तरिक पर्यटकको संख्या दिनानुदिन बढ्दै गएको जनप्रतिनिधि चोपनारायण श्रेष्ठले बताए

मोबाइल र डिजिटल ग्याजेटनै सवैथोक हो भन्नेहरुलाई इतिहास र जीवन सिकाउने सामग्री अवलोकन गर्ने थलो वैकुण्ठपुरीले आन्तरिक पर्यटनलाई प्रवर्द्धन गरेको पत्रकार महासंघका अध्यक्ष अशोक खनाल बताउँछन् । उनले भने, 'हाम्रो पुर्खाहरूले सामग्रीहरूको तत्कालीन अवस्थामा कसरी प्रयोगमा ल्याइन्थ्ये, त्यसको जटिलता, उपयोगिता, सामाजिक सद्भाव, सामूहिक क्रियाकलापमा संलग्नता जस्ता महत्वपूर्ण बारेमा स्पष्ट ज्ञान पाउन सकिने छ ।'

पत्रकार महासघ अर्घाखाँचीका पूर्वअध्यक्ष निमबहादुर रिजालको सक्रियतामा सन्धिखर्क नगरपालिका-४ वाङ्लाको आमडाँडामा स्थापित संग्रहालयमा लोप हुने अवस्थामा रहेका पुराना भाँडाकुँडा तथा प्रयोग गर्ने सामान राखिएको छ ।

ज्येष्ठ नागरिक जिल्ला संघ अर्घाखाँचीले बाबु-बाजेले प्रयोग गरेका पुराना वस्तु लोप हुन थालेकाले यसलाई भावी पुस्तामा जानकारी गराउने उद्देश्यले संग्रहालय स्थापना गरिएको रिजालले बताए ।

पहिला बाबुबाजेले प्रयोग गरेका तर अहिलेका पुस्ताले नदेखेका सामग्री उक्त संग्रहालयमा राखिएका रिजालको दावी छ ।

कपडा राख्ने काठको मदुस, घ्यू राख्ने हर्पे, तेल राख्ने चौठी, मोही पार्ने काठको ठेको, मदानी, दही जमाउने काठको आरी संग्रहालयमा राखिएको व्यवस्थापक उमा रिजालले बताइन् । यसैगरी उखु पेल्ने काठको कोल, तेल पेल्ने काठको कोल, धान कुट्ने ढिकी, मकै पिस्ने जाँतो, खेतबारी जोत्ने हलो, असारमा हिलोमा लगाउने खोक, काठको दूध निकाल्ने डाडु, काठका चप्पलगायत वस्तु संग्रहालयको मुख्य आकर्षणको रूपमा रहेका छन् ।

उनका अनुसार पानी आउँदा ओढ्ने सिउ, धर्मशालामा राखिने घैंटो, भजनमा बजाउने खैंजडी, डाला, सुपा, तमाखु खान प्रयोग गरिने हुका, चिलिम, पुराना टेपरेकर्डर, भोटे ताल्चा, दाउ, बाँसको काइँयो लगायतका थुप्रै वस्तु संग्राहलयमा राखिएको छ । यस्तै, रुखमा बनाइएको घर र घरमै पालेको कछुवा तथा कमलको फुल पनि आकर्षणको केन्द्रको रूपमा रहेका छन् । यसलाई अझैं थप व्यवस्थित बनाउने काममा लागिपरेको पत्रकार रिजालको भनाइ छ ।

झुला, पिङ्, ट्री हाउस, स्विमिङ पुल, अम्रेला रोड, सेल्फी क्षेत्र, मन्दिर, मूर्ति, माछा तथा कमल पोखरी लगायतका विभिन्न आकर्षक स्थल निर्माण गरेकोले पनि आकर्षकको केन्द्र बनेको छ । 'संस्कृति र प्रकृति हाम्रा जननी र रक्षक हुन्, यिनको बचाऊ गर्नु हामी सबैको कर्तव्य हो' भन्ने मान्यताका साथ पुराना सामग्री खोजी संग्राहलय बनाउने सोच आएको बताउने निम बहादुर रिजाललाई पहिले छिमेकीहरूले कवाडी समेत भन्थे, तर अहिले उनीहरू नै टिकट काटेर अवलोकन गर्न आउँदा खुशी लाग्ने रिजालले बताए ।

त्यति मात्र होइन त्यहाँ परम्परागत तथा जातीगत भेषभूषा झल्किने पोशाक, धार्मिक तथा वैदिक कार्यमा प्रयोग हुने सामग्रीहरू, मूर्ति, बाजागाजा लगायत विभिन्न सामग्रीको संकलन तथा संयोजनले धेरै आकर्षक बनेको छ । भएका जग्गा जमिन, सम्पत्ति र सामग्रीहरू सिन्कीको भाउमा मिल्काएर बजार तथा शहरमा बसोबास गर्नेहरू नै अहिले घुम्न आउने गर्दछन् । सोच विचार र लगाव हुने हो भने हामीले प्रयोग गरेर फालेका सामग्रीहरुले धेरै कुरा बताउन र सिकाउन सक्ने त्यहाँ गएर बुझ्न सकिन्छ । सन्धिखर्क मुख्य बजारबाट करिब २० मिनेटमा पक्की सडकको माध्यमबाट पुग्न सकिने वैकुण्ठपुरी संग्रहालय एक पटक पुग्नै पर्ने स्थल बनेको छ ।

# कर बिल बीजकबिनाको सामान बरामद

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ३० चैत

उदयपुरमा कर विल बीजक बिनाको सामान बरामद गरिएको छ । त्रियुगा नगरपालिका -४ बगाहा अप्रपोस्ट प्रहरी चौकी साल्घारीबाट खटिएका प्रहरी टोलीले जल्जलेबाट गाईघाटतर्फ आउँदै गरेको सार्वजनिक बसमा चेकजाँचका क्रममा सामान बरामद गरेको हो ।

विल बिनाको सामान खाने तेल, चिनी, दाल,मुरुइ, भुजा, हरियो मोटर गरी जम्मा ४ लाख ६१ हजार १ सय २५ रुपैयाँ बराबरको सामान बरामद गरी आवश्यक कारबाहीको लागि आन्तरिक राजस्व कार्यालय सुनसरी पठाइएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

# परिवर्तन गाउँपालिकामा कक्षा आठ उत्तीर्ण हुने विद्यार्थी ८.०३ प्रतिशत मात्र




**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, ३० चैत

रोल्पाको परिवर्तन गाउँपालिकाले आधारभूत तह (कक्षा ८) को नतिजा सार्वजनिक गरेको छ । सार्वजनिक नतिजा अनुसार जम्मा परीक्षार्थीमध्ये करिब ८.०३ प्रतिशत मात्रै उत्तीर्ण भएका छन् । परीक्षामा सहभागी भएका १७ विद्यालयका ४६९ जना विद्यार्थीमध्ये जम्मा ३८ जना विद्यार्थी उत्तीर्ण भएका छन् ।

कक्षा ५ र ८ को परीक्षा व्यवस्थित गर्न र सिकाइ गुणस्तर बनाउन प्रयास भइरहेको गाउँपालिकाका शिक्षा शाखा प्रमुख बालाराम वलीले बताए । उनले भने, 'हामीले परीक्षा व्यवस्थित गराउन र सिकाइ गुणस्तर बढाउन अलि मेहनत गरिरहेका थियौं । अर्को वर्षदेखि नतिजामा सुधार आउँछ भन्नेमा हामी विश्वस्त छौं ।'

गाउँपालिकाले दुई विषयसम्म एनजी ल्याउने विद्यार्थीलाई ग्रेडवृद्धि परीक्षा दिन पाउने व्यवस्था गरेको शाखा प्रमुख वलीले बताए । उनका अनुसार २२९ जना विद्यार्थीले ग्रेडवृद्धि परीक्षा दिन पाउनेछन् ।

शुक्रबार परीक्षाको नतिजा सार्वजनिक गरेको गाउँपालिकाले ११ र १२ वैशाखमा हुने ग्रेडवृद्धि परीक्षाका लागि आवेदन फारम भर्न सूचित गरेको छ । साथै नतिजामा चित्त नबुझेको अवस्थामा पुनःचेक कपी हेर्न सकिने समेत गाउँपालिकाले जनाएको छ । परिवर्तन गाउँपालिकाले चैत ५ देखि १३ गतेसम्म परीक्षा सञ्चालन गरेको थियो ।

सरकारले गत वर्षदेखि विद्यालय तहमा लेटर ग्रेडिङ निर्देशिका,२०७८ लागू गरेको छ । निर्देशिका अनुसार विद्यार्थीले सैद्धान्तिक ५० पूर्णाङ्क परीक्षामा १७.५ अंक नल्याए विद्यार्थी फेल हुने व्यवस्था छ । त्यस्तै कुनै विषयमा १७.५ प्रतिशतभन्दा कम अंक ल्याए प्रमाणपत्रमा एनजी (नन ग्रेडेड) उल्लेख हुनेछ । विद्यार्थीले कुनै पनि विषयमा एनजी ल्याएको अवस्थामा माथिल्लो कक्षा पढ्न पाउँदैनन्–वलीले भने।आधारभूत तह (कक्षा ८ र ५) लाई परिवर्तन गाउँपालिकास्तरीय समेत बनाइएको छ । आधारभूत तह (कक्षा ५)को भने परीक्षा नतिजा आउन बाँकी रहेको परिवर्तन गाउँपालिका शिक्षा शाखाले जानकारी दिएको छ ।

राजविराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी, मधेश प्रदेश, नेपाल

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरबासीहरूमा जानकारी मूलक सन्देश

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो) ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायताले निभाउने प्रयास गर्नुहोस् ।

बिष्णु प्रसाद गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

इसरत परविन
नगर उप प्रमुख

राजविराज नगरपालिका परिवार

पुर्वाधार विकास कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख बिरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

नयाँ वर्षको हार्दिक शुभकामना

नव वर्ष २०८१ को अवसरमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायी, आफन्तजन, मित्रहरु र स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी एवं दाजुभाइहरुमा सुस्वास्थ्य, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

बी.बी. रोक्का
अध्यक्ष एवं
याक्का ओभरसिज इम्प्लोइमेन्ट कन्सल्ट प्रा.लि. परिवार
Yacca
महाराजगंज, काठमाडौं, नेपाल, फोन : ०१-४५३२५००

नयाँ बर्ष २०८१ सालको
हार्दिक शुभकामना !

आजदेखि नयाँ बर्ष मात्र होइन नयाँ यात्रा प्रारम्भ हुँदैछ । मलाई बिश्वास छ, यो वर्ष गैरआवासीय नेपालीहरुको लागि सुख र समृद्धिको वर्ष बन्नेछ ।

आशा गरौं, अब आउने पात्रोको प्रत्येक पानाले हामी सबै नेपालीहरुको जीवनमा सुख, शान्ती र समृद्धि बोकेर ल्याओस नयाँ बर्षको आगमन सँगै सस्थामा भएको मतभिन्नता हराएर जाओस

शुभकामना।

सुर्य लम्साल
अध्यक्ष
गैरआवासीय नेपाली संघ
अमेरिका।

हार्दिक शुभकामना

बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका
साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा
सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु एवम् समृद्धिको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।

बिजयकुमार लिम्बु / लोकनाथ रिमाल / नवराज चम्लागाई
संचालकहरू तथा
काबेली ह्युमन रिसोर्स प्रा. लि.
परिवार
काठमाडौं-९, पिङ्गलास्थान, नेपाल, फोन: ४११३६०७

पुस्तक-समीक्षा

# आत्रेयको ‘चुटुक्क’ मुक्तक संग्रहमा अभिव्यक्त भाव पक्ष

आजको सामाजिक परम्पराहरूमा बदलावहरू आइरहेका छन् । मानिसहरूले आफू हिँड्नुपर्ने पथ भुलेका छन् । गन्तव्यलाई पहिल्याउन कठिन परेको छ । मुक्तककारले आफ्नो मुक्तकमा नमन गरिरहेकाहरू भेटेपनि मनन गर्नेहरू भेटिएका छैनन् । आजको सामाजिक यथार्थको गहिरो पीडालाई बोध गर्दै लेखिएका प्रीति आत्रेयका मुक्तकले पाठक मनलाई छुन्छन् ।



■ रसुवाली कवि

पूर्वीय दर्शन र नेपाली साहित्यकी उल्लेखनीय प्रतिभा हुन्, प्रीति आत्रेय ज्ञवाली । काव्यका उपविधाहरूमा पनि कलम चलाइरहेकी प्रीतिको लेखनमा युगीन पीडाबोधको स्वर मुखारित भएका हुन्छन् । प्रीति आत्रेयले मुक्तकलगायत काव्यका उपविधाहरूमा संकटमय समयका दुखाइहरूलाई व्यक्त गरेकी छिन् ।

आज हामी बाँचिरहेको परिवेशका जटिलताहरूमा पनि प्रीतिका कलम चलेका छन् । पछिल्लो समय काव्यकै उपविधा मानिने मुक्तकमा पनि प्रीतिले कलम चलाएकी छिन् । हालसालै उनको मुक्तक संग्रह चुटुक्क प्रकाशनमा आएको छ । म यस मुक्तक संग्रहको भाव पक्षमा केही टिप्पणी गर्न गइरहेको छु ।

शक्ति वल्लभ अर्यालको तनहुँ भकुण्डोदेखि प्रीति आत्रेय ज्ञवालीको चुटुक्कसम्म आइपुग्दा नेपाली साहित्यमा मुक्तक विधा स्थापित भइसकेको छ । मुक्तक आजको साहित्यको प्रिय विधाको रूपमा प्रचलित छ । मुक्तक अहिले संरचनाको बहसमा अल्झेको छ । बहसहरू भइरहेका छन् । मुक्तकलाई संरचना र भावको कसिलो जुइँनोमा बाध्न जरुरी पनि छ । तर, संरचना जस्तै भावपक्षमा देखिनुपर्ने गहनताको कोणलाई छोड्न सकिँदैन, यो मुक्तकको मुख्य पक्ष नै हो । यतातिर कम बहस भएको छ ।

मुक्तक बाँच्ने शैलीमा हो । भावमा हो । मुक्तकमार्फत सम्प्रेषण हुने विचारमा मुक्तकको लामो आयु कायम हुन सक्छ । प्रीति आत्रेय ज्ञवालीका मुक्तकहरू संरचना, भाव, विचार र चतुष्पदीय विधानमा उभिएका छन् । चार हरफभित्र हुर्काउन सकिने काव्यलाई पनि प्रीतिले ध्यान दिएको प्रतीत हुन्छ ।

*मनको अगाडि न जोड्दा हुन्छ नमन*
